नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

पत्र संख्या: ०८०/०८१

चलानी नं.:

## प्रेस विज्ञप्ती

**२०८०/०६/०८**

चितवन राष्ट्रिय निकुञ्जको अमृते पोष्टबाट करिव १.५ कि. मि. पूर्व पन्ना खोला नजिक खाल्डोमा गैडा पारी खाग काटी लगेको अवस्थामा मिति २०५५ साल कार्तिक २८ गतेका दिन निकुञ्जका कर्मचारीले गस्तिको क्रममा भेटाएको थियो । सो घटनाको सम्बन्धमा संरक्षित वन्यजन्तु गैडा मारी खाग चोरी लगेको मुद्दामा यस कार्यालयबाट अनुसन्धान अधिकारी तोकी अनुसन्धान गर्दै जाँदा १७ जना प्रतिवादीहरुको संलग्नता रहेको भनि खुल्न आएको । यस कार्यालयको मिति २०५७/१०/२५ गतेको फैसला अनुसार प्रतिवादी विष्णु कार्की, काले बानियाँ भनिने गोगन बहादुर बानियाँ क्षेत्री र याम बहादुर बानियालाई १० (दश) वर्ष कैद र रु १,००,०००।- (अक्षेरुपी एक लाख रुपैया) जरिवाना ठहर भएको र प्रतिवादी हरी कार्कीलाई ७ (सात) वर्ष कैद र रु ५०,०००।- (अक्षेरुपी पचास हजार रुपैया) जरिवाना ठहर भएको करिव २५ वर्ष देखि विभिन्न स्थानहरुमा लुकीछुपी बसेको र विशेष सुचनाको आधारमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय र निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना खड्ग दल गणको संयुक्त टोलीले जिल्ला प्रहरी कार्यालय मकवानपुरको सहयोगमा मिति २०८०/०६/०६ गते प्रतिवादी विष्णु कार्की, काले बानियाँ भनिने गोगन बहादुर बानियाँ क्षेत्री र मिति २०८०/०६/०७ गते प्रतिवादी याम बहादुर बानियालाई पक्राउ गरेको र जिल्ला प्रहरी कार्यालय काभ्रेपलान्चोकको सहयोगमा मिति २०८०/०६/०६ गते काभ्रेबाट प्रतिवादी हरी कार्कीलाई पक्राउ गरी श्री कारागार कार्यालय भरतपुर चितवनमा चलान गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०८०/०६/०८

गणेश प्रसाद तिवारी

संरक्षण अधिकृत

(सूचना अधिकारी)

इमेल :info@chitwannationalpark.gov.np ,वेभ:www.chitwannationalpark.gov.np

CamScanner